नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

# राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

## विधुतीय बोलपत्र (e-tender) आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/०८ गते)**

चालु आ.ब. २०७८/०७९ मा यस अस्पतालको फार्मेसीबाट बिक्री प्रयोजनको लागि आवश्यक पर्ने सर्जिकल, औषधि तथा औषधिजन्य सामाग्री ईकाइ दरमा खरिद गर्नको लागि विधुतीय बोलपत्रको माध्यम(e-tender) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| १. | NTrC/G/NCB/09-078/79 | सर्जिकल, औषधि तथा औषधिजन्य सामाग्री | ३,०००/- | ९०,०००/- |

१. यस अस्पताल फार्मेसी संचालनको लागि आबश्यक पर्ने सर्जिकल, औषधि तथा औषधिजन्य सामाग्री राष्ट्रिय स्तरको खुल्ला बोलपत्र माध्यमवाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक Manufacturing Company/ Super Stockist बाट बोलपत्र आहान(e-tender) गरिएको छ।

२. बोलपत्र ई-विडिङ्गका माध्यमबाट मात्र खरिद तथा दर्ता गर्नुपर्ने भएकोले www.bolpatra.gov.np/egp मा गई बोलपत्रदाताले आफ्नो सम्पूर्ण विवरण भरि अपलोडएबलबाट बोलपत्र दर्ता गराउनु पर्नेछ ।ई-विडिङ्गका माध्यमबाट बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु स्कान गरी पेश गर्नुपर्नेछ ।
क) व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र ख) आयकर दर्ता प्रमाणपत्र ग) मुल्य अभिवृद्धि कर प्रमाणपत्र घ) आ.व. २०७८/०७९ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप गरेको प्रमाणपत्र ङ) बोलपत्र फाराम दस्तुर वापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय ट्रमा सेन्टरको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड, न्यूरोड शाखाको चल्ती खाता नं. ७०१०२०२५७०३९ मा जम्मा गरेको बैंक भौचर च) कम्तिमा १२० दिन म्याद भएको रु. ९०,०००/- (अक्षेरपी नब्बे हजार मात्र) को मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (विड वन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरुले राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००१००१०२०३०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ।छ) बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ ।

३. छनौट हुने औषधि Department of Drug Administration मा दर्ता तथा नविकरण भएको र आफूले आपूर्ति गर्ने सर्जिकल सामाग्री, औषधि तथा औषधिजन्य सामाग्री WHO-GMP Certified Company का उत्पादन हुनुपर्ने छ र आवश्यकता अनुसार ISO/USFDA/CPP आदि प्रमाणित भएको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ।

४. बोलपत्रदाताले Price Schedule of Goods को लिस्टमा उल्लेखित आइटमहरुमा MRP दररेट र प्रस्तावित दररेट अनिवार्य रुपमा भर्नु पर्नेछ र दररेट पेश गर्दा मू.अ.कर बाहेकको रकम अङ्क र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईनेछ।बोलपत्रको साथमा Price Schedule of Goods को Soft Copy समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

५. सर्जिकलका सामानहरुको प्रत्येक आइटमहरुको कम्पनी उल्लेख गरी नमूना परिक्षण प्रयोजनार्थ बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १२ बजे सम्म अनिवार्य रुपमा सिलबन्दी गरी नमुना पेश गर्नु पर्नेछ ।

६. दाखिला भएका बोलपत्रहरु सूचनामा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्यहरु कार्यालय खुलेको दिनबाट क्रमशः सोही समयमा गरिने छ।

७. रित नपुगि तथा तोकिएको समय सिमाभित्र दर्ता हुन नआएका बोलपत्र उपर कुनै कार्बाही गरिने छैन।

८. यो सूचना तथा यस सूचना सम्बन्धि सम्पूर्ण जानकारीमा यस अस्पतालको पूर्ण अधिकार रहनेछ।

९. यस सूचनामा उल्लेख भएका विषयहरु सूचना बमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रचलित कानून अनुसार हुनेछ।

नोटः

यो सूचना तथा यस सूचना सम्बन्धि अन्य जानकारी यस अस्पतालको **Website: www.nationaltraumacenter.gov.np** बाट पनि प्राप्त गर्न सकिने छ। साथै कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१४२२४९२८ मा सम्पर्क गरी विस्तृत रुपमा बुझ्न र लिन सकिने छ।

नि. प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट